# मिक्लाजुङ गाउँपालिका

## विनियोजन ऐन, २०७६

गाउँसभाबाट स्वीकृत मितिः –२०७५/०३/१०

## मिक्लाजुङ गाउँपालिका

पाँचथर

# मिक्लाजुङ गाउँपालिकाको विनियोजन ऐन, २०७६

**मिक्लाजुङ गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,**

**सभाबाट स्वीकृत मितिः २०७६/०३/१०**

**प्रस्तावनाः**

मिक्लाजुङ गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम मिक्लाजुङ गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम " मिक्लाजुङ गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०७६।०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगतशाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ३९,५२,२८,००० ।- (अक्षरेपी उनान्चालीस करोड बाउन्न लाख आठ्ठाइस हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजनः**

(१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६।०७७ को निमित्त मिक्लाजुङ गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ।

३) आन्तरीक आम्दानी निर्दिष्ट गरिएभन्दा बढी संकलन भएमा सोको बाँडफाड सोही आर्थिक वर्षमा गाउँ कार्यपालिकाबाट निर्णय गराई रकम विनियोजन गरी खर्च गर्न सकिनेछ।

# अनुसूचि-१
## (दफा२ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## सञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिया व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ३८,७८५,००० | ११४,९४८,००० | | १५३,७३३,००० |
| २ | | वडा समिति | ६,२१५,००० | ५०,०८०,००० | | ५६,२९५,००० |
| ३ | | बिषयगत शाखा | १४८,८४१,००० | ३६,३५९,००० | | १८५,२००,००० |
| ४ | | ऋणको साँवा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | **कुल जम्मा** | १९३,८४१,००० | २०१,३८७,००० | ० | ३९५,२२८,००० |